# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २६ गते २०१६ साल

### निर्वाचन आयोगको सूचना

सप्तरी राजबिराज निर्वाचन ट्राइबुनलबाट प्राप्त हुन आएको निर्वाचन क्षेत्र नं. ३७ र ३८ को निर्वाचन सम्बन्धी मुद्दाको निम्नलिखित फैसलाको नक्कलहरू जनप्रतिनिधित्व ऐन, २०१५ को दफा ५२ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

श्री सप्तरी राजबिराज निर्वाचन ट्राइबुनलबाट भएको

आदेशी फैसला——————————————————

इजलास

श्री बद्रिबहादुर प्रधानाङ्ग———————————————१ अध्यक्ष

श्री लक्ष्मणरमण उप्रेती———————————————१ सदस्य

श्री अष्टमान रञ्जितकार———————————————१ सदस्य



836

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिवानी मिसिल नम्बर– १

उजुरवाला वादी

श्री कृष्णराज बर्मा जी. स. प्र. जगदर मौजे सैसौल ।

विपक्षी

श्री गुञ्जेश्वरप्रसाद यादव जि. स. प्र. राय यमुना मौजे खड्गपुर ।

मुद्दा ३७ नं. क्षेत्रको निर्वाचन रद्द गरी पाऊँ

प्रतिनिधि सभाको लागि जनप्रतिनिधि ऐन नियम अनुसार ०१५ साल बैशाख १ गतेसम्ममा कमसेकम २५ वर्ष उमेर भएकाले मात्र निर्वाचनमा खडा हुन पाउनेमा सप्तरी पश्चिम ३७ नं. क्षेत्रका उम्मेदवारमध्ये श्री गुञ्जेश्वरप्रसाद यादवको उमेर ०१५ साल बैशाख १ गतेसम्म २५ वर्षभन्दा कमभै उम्मेदवारमा खडा हुन नपाउने खडा भै ऐन दफा ४७ को उपदफा १ को ग. अनुसार बदर गरी दिनु पर्ने निजको नोमिनेशनपत्र बदर नगरिएकोबाट निज विपक्षले पाएको मतसंख्या जोडेमा दोस्राले मात्र होइन कि तेस्राले पनि विजयी हुने देखिंदा चुनावको नतिजामा वास्तविक फरक परेकाले उक्त क्षेत्रको निर्वाचन गैह्र कानूनी हुँदा निर्वाचनको परीणाम घोषणा भएका मितिले ६० दिनभित्र उजुर पेश गरेको छु । उक्त क्षेत्रको निर्वाचन रद्द गरी पाऊँ भन्ने समेत श्री कृष्णराज बर्माको उजुरी ।

विपक्षीले दरभंगा मारवाडी हाइस्कूलमा पढी लिएको म्याट्रिक सर्टिफिकेटमा आफ्नो जन्म सम्वत् १९३४ नोभेम्बर ६ तारेख लेखिएको डुप्लिकेट सर्टिफिकेट यसै साथ पेश गरेको छु । त्यसबाट ०१५ साल बैशाख १ गते २४ वर्ष मात्र उमेर पुग्छ त्यस्ता व्यक्ति उम्मेदवारमा खडा भएकोबाट निर्वाचनको वास्तविक फरक पर्न आयो । म पनि त्यही क्षेत्रमा उम्मेदवार भएको १०७ मत कम भै दोस्रा हुन गए । स्वतन्त्रका हरिलाल चौधरी विजयी हुन भएको हो । विपक्षी अवैधानिक उम्मेदवार हुँदा ३७ नं. क्षेत्रको निर्वाचन रद्द गरी पाऊँ भन्ने समेत निजको बयान ।

यसमा विपक्षका नाउँमा म्याद पठाई मात्र निर्णय दिन पर्छ कि भन्नालाई ०१५ साल आषाढ २० गतेको प्रकाशित नियमावलीको नियम ५ अनुसार नामावली तयार गर्न रजिष्ट्रेशन अफिसले नामावली तयार हुन लागेको सूचना प्रकाशित गरी नियम ६ अनुसार परिवारका अभिभावकसँग सोध पुछ गरी नामावली तयार भई सकेपछि सो नामावली नियम ७ बमोजिम कारणसमेत भरी नियम ८ आठ अनुसार दर्ता गर्न छुटेका नाम दर्ता गराउन वा दर्ता भएको नाम वा कुनै व्यहोरा बारे विरोध गरी नाम कटाउन वा कुनै दर्ता सच्याई माग्नेले २० दिनभित्र आफ्नू दावी वा विरोधपत्र पेश गर्नु भन्ने सूचना समेत प्रकाशित हुने र सो अवधि भित्र दावीपत्र विरोधपत्र पेश नभएकोमा ११ दफाले कारवाई नहुन दावी विरोधपत्र म्यादभित्र पर्न आएकोमा नियम १५.१८ बमोजिम रजिष्ट्रेशन अफिसरले निर्णय गरी नामावलीको अन्तिम प्रकाशन समेत गर्न

९३६ अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नामावली प्रकाशन गर्ने काम समेत सम्पन्न भै सकेपछि मात्र निर्वाचनको उम्मेदवार हुन खोज्ने व्यक्तिले नोमिनेशनपत्र दाखिल गर्ने निर्वाचन ऐन नियममा प्रष्ट उल्लेख छ ।

उक्त नियमहरूबाट श्री ५ मतदिन पाउने नपाउने कुराको निमित्त मात्र नामावली प्रकाशन हुने नभै सो नामावली लिंदा र प्रकाश गर्दा समेत नाउँ थर बतन उमेर समेत खोली लिने र सोही बमोजिम खोलाई सर्वसाधारणले देख्न बुझ्न सक्ने गरी प्रकाश समेत हुने र उल्लेख गरिए बमोजिम उमेर समेत खोली नामावली प्रकाश भएको त्यसउपर दाबी वा विरोध गर्ने मौका पनि दिइ पाएको थियो भन्ने उजुरवालाले आफ्नू बयानमा उल्लेख गरेकै छ । सो प्रकाशित नामावलीको आधारै ली मत दिनपाउने र उम्मेदवारमा खडाभइ नोमिनेशनपत्र दाखिल गर्न पाउने मुख्य प्रमाणपत्र हो । त्यस्तो प्रमाणपत्र हुन आउने नामावलीमा नाउँ जात उमेर समेत ढांटी नामावलीमा लेखाएको र लेखिन गएको भए दाबी वा विरोधपत्र नियम ८ अनुसार तोकिएको म्यादभित्र कारणीले नै वा अरू मतदाता जोसुकैले पनि उजुर गरी नमिलेको मिलाउन लाउन पर्ने सो बमोजिम तोकिएको म्यादभित्र नामावलीमा प्रत्यक्ष रूपबाट नमिलेको देखिएको कुरामा पनि नमिलेको मिलाउन लाउने समेत उजुरी दाबी विरोध कसैले नगरी प्रकाशित नामावलीमा लेखिएको बेहोरालाई नै समर्थन गरी रहेको नोमिनेशनपत्र पेश भएपछि पनि रिटर्निङ्ग अफिसरले सर्वसाधारणले देख्न पाउने गरी सूचना टांसी उम्मेदवार वा उहाँको एजेण्टहरू समेतले सो नोमिनेशनपत्र एक एक गरी हेर्न र विरोधपत्र पेश गर्न समेत नियम २९ ले सबैलाई अधिकार प्राप्त भएको र विरोधपत्र पर्न आएकोमा त्यसको जिकीर समेत बुझी र विरोधपत्र पर्न नआएकोमा समेत रिटर्निङ्ग अफिसरले आवश्यक सम्झेको कुराहरू हेरी जाँची ठाडो बुझी पर्न आएको नोमिनेशनपत्रहरू ऐन नियमले सदर गर्न हुने देखिन आयो भने मात्र सदर गर्ने र ऐन नियम विरोधको देखियो भने त्यस्ता नोमिनेशन पत्रहरू रिटर्निङ्ग अफिसरले निर्धारित भए गरेकै दिन निर्णय गरी ही उम्मेदवारमा खडा हुन पाउने ठहरेका व्यक्तिहरूको नाउँ गजेटमा प्रकाशित हुने र सो बमोजिम गजेटमा प्रकाशित समेत भै निर्वाचन कार्य सम्पन्न भै सकेपछि पनि मनोनित भएका उम्मेदवार मतदाता उपर फेरि पूर्व भैसकेका कार्य माथि नै उजूर लाग्ने भएमा दावी विरोधपत्र पेश गर्ने सूचना टास्ने रिटर्निङ्ग अफिसरले जाँच बुझ गरी मनोनित गर्ने सो मनोनित भएका व्यक्तिको नाउँ गजेटमा प्रकाशित गर्ने ऐन नियमको र उक्त ऐन नियम बमोजिमको पूर्व कार्य जम्मै रद्द हुने गरी कस्तो म्याद कायम हुन जाने गरी फेरि उजूर दावी लाग्न सक्ने ऐन नियम जारी भएको होला भन्न नभै निर्वाचन ऐन दफा ३१ र नियम ६० को वास्तविक अर्थ के हो भनी त्यसको अध्ययन गरी परिणाम विचार गर्दा ।

ऐन दफा ३१ मा कुनै उम्मेदवार वा मतदाताले तोकेको रीत बमोजिम तोकेको समयभित्र दफा ४७ को उपदफा १ वा दफा ४८ मा लेखिएको कुनै एक वा एक भन्दा बढी कुरा भयो भनी निर्वाचन आयोगमा उजूरी पेस गर्न सक्छ भन्ने लेखिएको र ।

दफा ४८ उजुरवाला आफै वा अरू कुनै उम्मेदवार उचित तौरले निर्वाचन भएको हो भनी फैसला गरियोस् भन्ने दावी गर्ने विषयको दफा हुनाले यस उजुरीमा त्यस दफा सम्बन्धी व्याख्या गरी रहन आवश्यक नदेखिएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

535

अब दफा ४७ मा कुनै निर्वाचन देहाए बमोजिमको भयो भने ट्राइबुनलको भयो भनी ठहऱ्याएमा सो निर्वाचन बिल्कुलै गैर कानूनी हुनेछ भन्ने र त्यस्को क. दफामा सो निर्वाचनमा व्यापक रूपमा घुसखोरी वा अनुचित प्रभाव आदि भ्रष्टाचार हुन गै निर्वाचन स्वतन्त्र भएन वा भन्ने र ख. दफामा कुनै जाति वा वर्ग माथि कुनै अर्को जाति वा वर्गले कुनै तरिकाबाट मत दिन वा नदिन करकाप गरेको वा डर धाक देखाएको वा धम्की दिएकाले सो निर्वाचन स्वतन्त्र भएन वा भन्ने र ग. दफामा सदर गर्न नहुने कुनै नोमिनेशनपत्र सदर गरिएकोले वा बदर वा खारेज गर्नु पर्ने नोमिनेशनपत्र बदर वा खारेज नगरिएकोले सो निर्वाचनको नतीजा वास्तवमा फरक भयो भन्ने र दफा २ मा उपदफा ३ को व्यवस्था बाहेक निर्वाचन उम्मेदवारको निर्वाचन गैर कानूनी भन्न फैसला गर्नु पर्छ भन्नेसिर बेहोरामा र क. दफामा भ्रष्टाचार वा गैर कानूनी व्यवहारको जी. इ. ले कुनै उम्मेदवार निर्वाचन भएको हो वा भ्रष्टाचार वा गैर कानूनी व्यवहार गर्दा निर्वाचनको फल वास्तवमा फरक भएको हो भनी वा भन्ने र ख. दफामा कुनै निर्वाचित उम्मेदवार वा निजको एजेण्ट वा ती मध्ये कसैको सम्मतिले अरू कुनै व्यक्तिले दफा ५५ मा लेखेको कुनै भ्रष्टाचार गरेको हो भनी वा भन्ने र ग. दफामा कुनै खारेज गर्नु पर्ने मत खारेज नगर्नाले वा सदर गर्नु पर्ने मत सदर नगर्नाले यो ऐन वा यस ऐन अन्तर्गतको कुनै नियम वा आदेश अनुसार नगर्नाले निर्वाचनको फल वास्तवमा फरक परेको हो भन्ने लेखेको उक्त ऐनको दफा दफाबाट यो कुरा प्रष्ट दर्शन आउँछ कि ऐन ४७ को देहायका क. दफाले निर्वाचनमा घुस खोरी वा अनुचित आदि भ्रष्टाचार हुन गै निर्वाचन स्वतन्त्र हुन नगएको भन्नाले नोमिनेशनपत्र पास भै सकेपछि उठेको भ्रष्टाचारी समस्यामा र ख. दफाले पनि जाति वर्ग माथि मत दिन वा नदिन करकाप गरेको डरधाक धम्की देखाएकोबाट निर्वाचन स्वतन्त्र हुन नगएको-मा पनि नोमिनेशन पास भै सकेपछिकै अकर्तव्य भै उक्त क. ख. दफा बमोजिमको उजुर ऐन दफा ३१ र नियम ६० बमोजिम म्याद भित्र पर्न आएमा लाग्ने देखिएको, ।

उक्त ग. दफा बमोजिम सदर गर्न नहुने कुनै नोमिनेशनपत्र सदर गरिएकोले वा बदर वा खारेज गर्नु पर्ने नगरेकोबाट निर्वाचनको नतीजा वास्तवमा फरक पर्न आयो भन्ने उजुर पनि उक्त क. ख. दफा बमोजिम नै साधारणतः निर्वाचनको परिणाम घोषणा भएका मितिले ६० दिन भित्र पर्न आएमा लाग्ने हो कि भन्नालाई सो नोमिनेशन सदर वा बदर गर्ने काम माथि दफा दफामा उल्लेख गरिए बमोजिम नामावली कायम भएपछि मात्र नोमिनेशनपत्र पेश गर्ने र लिने सो पेश हुन आएको नोमिनेशन पत्र सर्वसाधारणले थाहा पाउने गरी यो यो व्यक्ति उम्मेदवारमा खडा हुनै नोमिनेशन-पत्र पर्न आएको छ उक्त नोमिनेशनपत्र यो मितिमा जाँच हुनेछ भनी मिति समेत तोकी रिटर्निङ्ग अफिसरले सूचना प्रकाशित गरी जाँच हुने तोकिएका मितिका दिन सो नोमिनेशनपत्र उम्मेदवार वा उहाँ का एजेण्टहरू समेतले हेरी त्यस नोमिनेशनपत्र माथि विरोध पर्न आएको भए सो समेतको जिकीर बुझी आवश्यकीय दरू समेत ठाडो बुझ्नु पर्ने बुझी नोमिनेशनपत्रहरू सदर वा बदर जो गर्नु पर्नेनियम २९ बमोजिम रिटर्निङ्ग अफिसरले गर्ने र ०१५ साल कार्तिक २९ गते प्रकाशित भएको नियमावलीको दोस्रो संशोधन नियम २२ को उपदफा २ मा नियमावली बमोजिम तयार भएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नामाबलीमा दर्ता भएको कुनै कुरामा प्रमाण र निर्वाचनको काममा बाहेक अरु कुनै बिषयमा प्रमाण लाग्ने छैन भन्ने उल्लेख भएको र अन्तरीम नामाबली प्रकाशित भै सकेपछि सो नामाबलीमा खुले लेखे जति निर्वाचन सम्बन्धीमा त्यसैलाई मान्यता दिनु पर्ने प्रष्ट भएको मात्र नभै नामाबली प्रकाशन हुँदा बिरोध पत्र पर्न आएको रजिष्ट्रेशन अफिसरले मान्यता नदिएको या रिटर्निङ्ग अफिसरले नोमिनेशन पत्रको निर्णय नगर्दै तोकिएका मिति मिति सम्ममा नियम २९ ले बिरोधपत्र लाग्न सक्ने नै हुनाले त्यस्तो बिरोधपत्र पर्दा पर्दै बिरोधपत्रको मान्यता नदिई नोमिनेशनपत्रलाई सदर गरी निर्वाचन भएबाट वास्तविक नतीजा फरक पर्न हुन आएको भए मात्र ऐन दफा ४७ को ग. दफा र नियम ६० को दफा बमोजिम परिणाम घोषणा भएका मितिले ६० दिन भित्र तोकिएका रूल नियमको रीत पुर्‍याई उजुर लाग्ने प्रष्ट हुन आउँछ उजुरवालाको उजुर उल्लेख गरिए बमोजिम विपक्षको नाउँ उमेर समेत नामावलीमा प्रकाशित हुँदा र विपक्षको नोमिनेशन पत्र पर्दा ऐन नियमको रीत पुर्‍याई विपक्षको नोमिनेशनपत्र सदर गरे भ्रष्टाचार गैर कानूनी कामकाज गरेकोबाट सो क्षेत्रको निर्वाचनको वास्तविक नतिजा फरक पर्न आयो भन्ने नभै निर्वाचन पछि विपक्षी २५ वर्ष वर्ष नपुगेको बुझिएकोले सर्टिफिकेटको नक्कल ल्याउँदा त्यसबाट ०१५ साल बैशाख १ गते २४ वर्ष चानचुन मात्र भएको त्यस्ता व्यक्ति उम्मेदवारमा खडा भएको देखि न आएकोले निर्वाचनको वास्तविक नतिजा फरक पर्न आयो सो ३७. नं क्षेत्रको निर्वाचन रद्द गरी पाउँ भन्ने सम्म मुख्य उजुर दावी जिकिर भएबाट उक्त ऐन दफा ४७ को उपदफा ग. अन्तर्गतको भन्न मिलेन ।

उपरोक्त उल्लेख गरिए बमोजिम नामाबली प्रकाशित हुँदा उमेर पनि लेखिने २१ वर्ष पुगेकाले मतदिन र २५ वर्ष पुगेकाले उम्मेदवारमा खडाहुन पाउने नियमहरूमा उल्लेख भएको र नामाबलीमा २५ वर्षभन्दा घटी लेखिए पनि ०१५ साल वैशाख १ गतेसम्ममा २५ वर्ष पुग्न आउनेले उम्मेदवारमा खडाहुन पाउने नियममा व्यवस्था भएकोभै नामाबलीमा लेखिएकै उमेरको हिसाबबाट उम्मेदवारमा खडा हुन पाउने र छुट नाम दर्ता गराउन वा दर्ता भएको नाउँ वा कुनै व्यहोराबारे विरोध या दाबी गर्ने दिन ३० र थप हुने दिन १५ समेतको म्याद कायम भैरहेको नियम ८ मा र यो नियमावलीमा तोकिएको तरिकाले पेश नभएको दाबी वा विरोधपत्र उपर कुनै कारवाई हुने नियम ११ मा कुनै दाबी या बिरोधपत्रमा नामाबली दोहर्‍याउने अफिसरले निर्णय गर्ने र निजको निर्णय अन्तिम हुने नियम १५ मा उल्लेखछजस्तै उमेदवारहरूको निर्वाचन चिन्ह उपर रिटर्निङ्ग अफिसरको निर्णय अन्तिम मानिने नियम ३२ मा उल्लेखित छ ।

उक्त उल्लेख गरिए बमोजिम पटक पटक म्याद र जनाउ दिंदा पनि विपक्षीले संशोधन नगरेको भनी उजुरवालाको उजुरको निम्न दफा ३ मा लेखिएको उजुरवालाका भनाई बमोजिम बिपक्षी फारणीले मात्र संशोधन गर्नु गराउनु पर्ने नभै कसैले जाल गरेको या ढांटी उमेरमा समेत घटी बढी पारेकोमा कानून बमोजिमका जोसुकै नागरिकले पनि दाबी वा बिरोधपत्र दिन पाउने हुनाले विपक्षले मात्र संशोधन नगराएको भन्ने उजुरवालाको लेखाई पनि उचित देखिन नआएको ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उक्त बमोजिम नामावली प्रकाशित हुँदैका म्यादभित्र ऐन नियम अनुसार दाबी वा विरोध भए परेको भए उपरोक्त बमोजिम नामावली दोहराउने अफिसरबाट अन्तिम निर्णय हुने वा रिटर्निङ्ग अफिसरले नै जांच बुझ गर्ने कुरामा उल्लेखित बमोजिम नभै कानूनको तरीका छोडी म्याद नघाई आयोगमा उजूर परेको मात्र नभै ।

नियम ९२ मा ऐनको दफा ३१ दफा ३२ र नियम १०१ मा लेखिएको रीत नपुर्याई निर्वाचन आयोगमा पेश गरेको उजूरीपत्र उपर कुनै कारवाई हुनेछैन भन्ने उल्लेख भएको र ऐनको ३१ दफामा उजूरवालाले उजुरीपत्रमा कुनै निर्वाचन क्षेत्रबाट निर्वाचन भएको उम्मेदवार र भ्रष्टाचार अथवा अरू कुनै गैर कानूनी व्यवहारको आरोप लगाइएका उम्मेदवारलाई सो उजूरीपत्रमा विपक्षको रूपमा हामेल गर्नुपर्दछ भन्ने उल्लेख भएकोबाट उजुर परेको क्षेत्रमा निर्वाचन भएको उम्मेदवारलाई विपक्षीको रूपमा उजूरवालाले सामेल गर्नु पर्ने सो बमोजिम सामेल नगरी भोको गैर कानूनी तरीकाबाट उम्मेदवार हुने भन्ने श्री गुर्जेश्वरप्रसाद यादव १ जनालाई मात्र विपक्षीको रूपमा खड़ा गरेकोबाट उक्त ऐन दफा ३२ र नियम ९२ लेसमेत यो उजूर अवैध तरीकाको देखिन आयो ।

त्यरतो उपरोक्त दफा दफा बमोजिम २५ वर्ष नपुगेका उम्मेदवार खडा भयो भन्ने निर्वाचन घोषणा भएका मितिले नियम ९० को उपदफा २ अन्तर्गत भनी ६० दिनभित्र गरेको उजूरी सोही नियम ९० को उपदफा १ अनुसार माथि उल्लेख गरिए बमोजिम रीत नपुगी म्याद नघाई परेको उजूरी हुँदा र परेको यो उजूर पनि माथि उल्लेख भए बमोजिम ऐन दफा ३२ ले सो विपक्षीका रूपमा सामेल गर्नु पर्ने व्यक्तिहरूलाई सामेल नगरी नराखी गरेको उजूर हुनालेसमेत उपरोक्त बमोजिम उजूरवालाको यो उजूर बयानको लेखाई रूप र ऐन नियमबाट सो अन्तर्गतको उजूर नहुँदा खारेज हुने देखिन आई विपक्षीका नाउँमा म्याद पठाउनसमेत आवश्यक नपरी निम्न लेखिए बमोजिम गर्ने गरी यो मुद्दा खारेज गरियौं ।

१. उजूरवाला बादीले उजूरीपत्र पेश गर्नालाई ०१६.१.१६ मा नेपाल राष्ट्र बैंक राजबिराजमा डरौट राखेको सकल रसीद उजुरीपत्र साथै पेश भैरहेको ने. रु. ५००। मध्येबाट नियम १०६ को उपदफा बमोजिम जांच बुझ खर्च कटाई भराइ दीरहन नपरेकोले उक्त नियम उपदफा २ बमोजिम उजूरवाला बादीले फिर्ता पाउने हुनाले यो फैसलाउपर म्यादभित्र अपील परेन वा अपील परी फिर्ता पाउने ठहर भै आएमा उक्त ने. रु. ५००। पांचसय कानूनको रीत पुर्याई फिर्ता दिन निर्वाचन आयोगलाई सूचना दिने ।

२. उजूरी मुद्दा खारेज भए उपर चित्त नबुझे निर्वाचन ऐन दफा ५० बमोजिम बाटाका म्याद बाहेक ७ दिनभित्र पूर्वाञ्चल उच्च अदालत हाल मुकाम विराटनगरमा अपील दिनु होला भनी हजु रहेका उजूरवाला बादीसलाई सुनाई निस्सा मिसिल सामेल राख्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. सरोकारवालाले नक्कल लिन आएमा कानून बमोजिम दस्तूर ली दिने ।

४. यो फैसला प्रतिलिपिहरू ऐन दफा ५१ को उपदफा १ बमोजिम निर्वाचन आयोगमा र सप्तरी गोश्वारा बडाहाकिम कहाँसमेत १।१ प्रति पठाइदिने ।

सदस्य सदस्य अध्यक्ष

सम्वत् २०१६ साल माघ १८ गते रोज २ शुभम्—

श्रीसप्तरी राजविराज निर्वाचन ट्राइबुनलबाट भएको

बाऐजी फैसला ।

इजलास

श्रीबद्रिबहादुर प्रधानाङ्ग——————— १ अध्यक्ष

श्रीलक्ष्मण रमण उप्रेती ——————— १ सदस्य

श्रीग्रष्टमान रञ्जितकार ——————— १ सदस्य

देवानी मिसिल नंबर—२

उजुरवाला वादी

श्री हरिबहादुर क्षेत्री— जि. स. प्र. पकरी मौजे भगवानपुर——— ।

विपक्षी

श्री चन्देश्वरलाल दास भन्ने चन्द्र शेखर प्रसाद जि. स. प्र. गुदी गाउँ— मौजे लाहान ।

## मुद्दा ३८ नं. क्षेत्रको निर्वाचन रद्द गरी पाऊं

प्रतिनिधि सभाको सदस्यको लागि जन प्रतिनिधि ऐन नियम अनुसार ०१५ साल वैशाख १ गतेसम्ममा कमसेकम २५ वर्षसम्म उमेर भएकाले मात्र निर्वाचनमा खडा हुन पाउनेमा सप्तरी पश्चिम पकरिया धन्छवार ३८ नं. क्षेत्रका उमेदवारहरूमध्ये श्रीचन्देश्वरलाल दासको उमेर ०१५ साल वैशाख १ गतेसम्ममा २४ वर्ष र केही दिन मात्र भएको स्कूल कालेजका सर्टिफिकेटमा भएको उमेर मतदाता सूचीमा मलेखाई झूटो उमेर लेखाएको ज. प्र. ऐन दफा ४७ को उपदफा अनुसार खदर गर्नु पर्ने नोमिनेशन खदर नगरिएकाले अरु उम्मेदवारले पाएको मतसंख्यामा नतिजा फरक पर्न गयो विपक्षी श्री चन्देश्वरलालको मतसंख्या अरु उम्मेदवारले पाएको भन्दा मतसंख्यामा जोड्दा चुनावको नतीजा फरक परेको देखिने भै गैर कानूनी भएको निर्वाचनको नतीजा थोक्ना भएको ६० दिनभित्र उजूर पेश गरेको छु उक्त निर्वाचन रद्द गरी पाऊँ भन्नेसमेत श्री हरिबहादुर क्षेत्रीको उजुरी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विपक्षीले बनारस यूनिभर्सिटीमा पढी लिएको सर्टिफिकेटमा आफ्नो जन्म १९३४ जनवरी
२० तारिख लेखिएको सर्टिफिकेट नक्कल उजूरी साथै पेश गरेको छु त्यसबाट ०१५ साल वैशाख-
सम्म विपक्षीको उमेरै नपुगेको त्यस्ता व्यक्ति उम्मेदवारमा खडा भएकोबाट निर्वाचनको वास्त-
विक फरक पर्न आयो क्षेत्र नं. ३८ को चुनाव रद्द गरी पाऊँ भन्नेसमेत निजको वा गणेशकुमारको
बयान ।

यसमा विपक्षीका नाउँमा म्याद पठाई मात्र निर्णय दिन पर्छ कि भन्नालाई ०१५ साल आषाढ
२० गते प्रकाशित नियमाबलीको नियम ५ अनुसार नामाबली तयार गर्न रजिष्ट्रेशन अफिसरले
नामाबली तयार हुन लागेको सूचना प्रकाशित गरी नियम ६ अनुसार परिवारमा जानिफकारसंग
सोध बूझ गरी नामाबली तयार भए गरेपछि सो नामाबली नियम ७ बमोजिम फारामनासमेत
भरी नियम ८ अनुसार दर्ता गर्न छुटेका नाम दर्ता गराउन वा दर्ता भएको नाम वा कुनै व्यहोराबारे
विरोध गरी नाम कटाउन वा कुनै दर्ता सच्याई माग्नेले ३० दिनभित्र आफ्नो दाबी वा विरोध-
पत्र पेश गर्नु भन्ने सूचना समेत प्रकाशित हुने र सो अवधिभित्र दाबी वा विरोधपत्र पेश नभएकोमा
नियम ११ ले कारवाई नहुने दाबी विरोधपत्र म्यादभित्र आएकोमा नियम १५।१८ बमोजिम
रजिष्ट्रेशन अफिसरले निर्णय गरी नामावलीको अन्तिम प्रकाशनसमेत गर्ने नामावली प्रकाशन
गर्ने कामसमेत सम्पन्न भैसकेपछि मात्र निर्वाचनको उम्मेदवार हुन खोज्ने व्यक्तिले नोमिनेशनपत्र
दाखिल गर्ने निर्वाचन ऐन नियममा प्रष्टै उल्लेख छ ।

उक्त नियमहरूबाट श्रीफ मतदिन पाउने नपाउने कुराको निमित्त मात्र नामावली
प्रकाशन हुने नभै सो नामाबली लिदा र प्रकाशन गर्दासमेत नाउँ थर वतन उमेरसमेत खोली
लिने र सोही बमोजिम खुलाई सर्वसाधारणले देख्न बुझ्न सक्ने गरी प्रकाशनसमेत हुने र उल्लेख
गरिए बमोजिम उमेरसमेत खोली नामावली प्रकाशनसमेत भएको त्यस उपर दाबी विरोध
गर्ने मौका पनि दिए पाएको थियो भनी उजूरवालाको वारेस श्री गणेशकुमारजीले आफ्नो बयानमा
उल्लेख गरेकै छ सो प्रकाशित नामावलीको आधारैले मतदिन पाउने र उम्मेदवारमा खडा भै
नोमिनेशनपत्र दाखिल गर्न पाउने मुख्य प्रमाणपत्र हो त्यस्तो प्रमाणपत्र हुन आउने नामावलीमा
नाउँ जात उमेरसमेत ढांटी नामावलीमा लेखाएको र लेखिन गएको भए दाबी वा विरोधपत्र
नियम ८ अनुसार तोकिएको म्यादभित्र कारणीले नै वा अरू मतदाताहरू जोसुकैले पनिउजूर गरी
नमिलेको मिलाउन लाउन पर्ने सो बमोजिम तोकिएको म्यादभित्र नामाबलीमा प्रत्यक्षरूपबाट
नमिलेको देखिएको कुरामा पनि नमिलेको मिलाउन लाउनेसमेत उजूर दावी विरोध कसैले
नगरी प्रकाशित नामावलीमा लेखिएको व्यहोरालाई नै समर्थन गरिरहेको नोमिनेशनपत्र पेश
भएपछि पनि रिटर्निङ्ग अफिसरले सर्वसाधारणले देख्न पाउने गरी सूचना टांसी उम्मेदवार वा
वहाँको एजेण्टहरू समेत ले सो नोमिनेशनपत्र ११ गरी हेर्न र विरोधपत्र पेश गर्न समेत नियम
२९ ले सबैलाई अधिकार प्राप्त भएको र विरोधपत्र पर्न आएकोमा त्यसको जिकीरसमेत बुझी र
विरोधपत्र पर्न नआएकोमा समेत रिटर्निङ्ग अफिसरले आवश्यक सम्झेको कुराहरू हेरी जांची

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ठाडो बुझी पर्न आएको नोमिनेशनपत्रहरू ऐन नियमले सदर गर्न हुने देखिन आयो भने मात्र सदर गर्न र ऐननियम विरुद्धको देखियोभने त्यस्तो नोमिनेशनपत्रहरू रिर्टानिङ्ग अफिसरले निर्धारित गरेकै दिन निर्णय गरी दी उम्मेदवार खडा हुन पाउने ठहरिएका व्यक्तिहरूको नाउँ गजेटमा प्रकाशित हुने र सो बमोजिम गजेटमा प्रकाशितसमेत भै निर्वाचित कार्य सम्पन्न भैसकेपछि पनि मनोनित भएका उम्मेदवार मतदाता उपर फेरि पूर्व भैसकेका कार्यमाथि न उजूर लाग्ने भएमा दाबी विरोधपत्र पेश गर्ने सूचना टांस्ने रिर्टानिङ्ग अफिसरले जांच बुझ गरी मनोनित गर्न सो मनोनित भएका व्यक्तिको नाउँ गजेटमा प्रकाशित गर्ने ऐन नियमको र उक्त ऐन नियम बमोजिमको पूर्व कार्य जम्मै रद्द गरी अर्को म्याद कायम हुन जाने गरी फेरि उजूर दाबी लाग्न सक्ने ऐन नियम जारी भएको होला भन्ने नभै निर्वाचन ऐन्न दफा १२ र नियम ६० को वास्तविक अर्थ के हो भनी त्यसको अध्ययन गरी परिणाम विचार गर्दा।

ऐन दफा ३१ मा कुनै उम्मेदवार वा मतदाताले तोकिएको रीत बमोजिम तोकिएको समयभित्र दफा ४७ को उपदफा १ वा २ वा दफा ४८ मा लेखिएको कुनै एक वा एकभन्दा बढी कुरा भयो भनी निर्वाचन आयोगमा उजूरी पेश गर्न सक्छ भन्ने लेखिएको र

दफा ४८ उजूरवाला आफैं वा अरू कुनै उम्मेदवार उचित तवरले निर्वाचित भएको हो भन्ने फैसला गरियोस् भन्ने दाबी गर्ने विषयको दफा हुनाले यस उजूरीमा त्यस दफा सम्बन्धी व्याख्या गरिरहन आवश्यक नदेखिएको।

अब दफा ४७ मा कुनै निर्वाचन देहाय बमोजिमको भयो भनी ट्राइबुनलले ठहराएमा सो निर्वाचन बिलकुलै गैर कानूनी हुनेछ भन्ने र त्यसको क. दफामा सो निर्वाचनमा व्यापक रूपमा घूस खोरी या अनुचित प्रभाव आदि भ्रष्टाचार हुन गै निर्वाचन स्वतन्त्र भएन वा भन्ने र ख. दफामा कुनै जाति वा वर्गमाथि कुनै अर्को जातिवावर्गलेकुनैतरिकाबाट मतदिन वा नदिन करकार गरेको वा डर धाक देखाएको वा धम्की दिएकोले सो निर्वाचन स्वतन्त्र भएन वा भन्ने र ग. दफामा सदर गर्न नहुने कुनै नोमिनेशनपत्र सदर गरिएकोले वा बदर वा खारेज गर्नु पर्ने नोमिनेशनपत्र बदर वा खारेज नगरिएकोले सो निर्वाचनको नतिजा वास्तवमा फरक भयो भन्ने र दफा २ मा उपदफा३ को अवस्था बाहेक निर्वाचित उम्मेदवारको निर्वाचन गैर कानूनी भनी फैसला गर्नुपर्छ भन्ने शीर व्यहोरामा र क.दफामा भ्रष्टाचार वा गैर कानूनी व्यवहारको जोडले कुनै उम्मेदवार निर्वाचित भएको वा भ्रष्टाचार वा गैर कानूनी व्यवहारले गर्दा निर्वाचनको फल वास्तवमा फरक भएको हो भनी वा भन्ने र ख.दफामा कुनै निर्वाचित उम्मेदवार वा निजको एजेण्ट वा तीमध्ये कसैको सम्मतिले कुनै व्यक्तिले दफा ५५ मा लेखिएको कुनै भ्रष्टाचार गरेको हो भनी वा भन्ने र ग. दफामा कुनै खारेज गर्नु पर्ने मत खारेज नगर्नाले वा सदर गर्नु पर्ने मत सदर नगर्नाले यो ऐन वा यस ऐन अन्तर्गतको कुनै नियम वा आदेश अनुसार नगर्नाले निर्वाचनको फल वास्तवमा फरक परेको हो भन्ने लेखेको उक्त ऐलको दफा दफाबाट यो कुरा प्रष्ट दर्शन आउँछ कि ऐन ४७ को देहायका क. दफाले निर्वाचनमा घूस खोरी वा अनुचित आदि भ्रष्टाचार हुन गै निर्वाचन स्वतन्त्र हुन नग-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एको भन्नाले नोमिनेशन पास भैसकेपछिकै अकर्तव्य भै उक्त क. ख. दफा बमोजिमको
उजुर ऐन दफा ३१ र नियम ९० बमोजिम म्यादभित्र पर्न आएमा लाग्ने देखिएको ।

उक्त ग. दफा बमोजिम सदर गर्न नहुने कुनै नोमिनेशनपत्र सदर गरिएकोले वा बदर वा
खारेज गर्नुपर्ने नगरेकोबाट निर्वाचनको नतिजा वास्तवमा फरक पर्न आयो भन्ने उजुर पनि
उक्त क. ख. दफा बमोजिम नै साधारणतः निर्वाचनको परिणाम घोषणा भएका मितिले ९० दिन-
भित्र पर्न आएमा लाग्ने हो कि भन्नालाई सो नोमिनेशन सदर वा बदर गर्ने काममाथि दफा दफामा
उल्लेख गरिए बमोजिम नामावली कायम भएपछि मात्र नोमिनेशनपत्र पेश गर्ने र लिने सो पेश
हुन आएको नोमिनेशनपत्र सर्वसाधारणले थाहा पाउने गरी यो यो व्यक्ति उम्मेदवारमा खडा हुने
नोमिनेशनपत्र पर्न आएको छ उक्त नोमिनेशनपत्र यो मितिमा जांच हुनेछ भनी मिति समेत तोकी
रिटर्निङ्ग अफिसरले सूचना प्रकाशित गरी जांच हुने तोकेका मितिका दिन सो नोमिनेशनपत्र
उम्मेदवार वा वहाँका एजेण्टहरू समेतले हेरी त्यस नोमिनेनेशनपत्र माथि विरोध पर्न आएको
भए सो समेतको जिकीर बुझी आवश्यकी अरू समेत ठाडो बुझ्नु पर्ने बुझी नोमिनेशनपत्रहरू सदर
वा बदर जो गर्नु पर्ने नियम २९ बमोजिम रिटर्निङ्ग अफिसरले गर्ने र ०१५ साल कार्तिक २९
गते प्रकाशित नियमावलीको दोस्रो संशोधन नियम २२ को उपदफा २ मा नियमवली बमोजिम
तयार भएको नामावलीमा दर्ता भएको कुनै कुरामा प्रमाण निर्वाचनको काममा बाहेक अरू
कुनै विषयमा लाग्ने छैन भन्ने उल्लेख भएको र अन्तिम नामावली प्रकाशित भैसकेपछि सो नामा-
बलीमा उल्लेखीय जति निर्वाचन सम्बन्धीमा त्यसलाई मान्यता दिनु पर्ने प्रष्ट भएको मात्र
नभै नामावली प्रकाशन हुँदा विरोधपत्र पर्न आएको रजिष्ट्रेशन अफिसले मान्यता नदिएको या
रिटर्निङ्ग अफिसरले नोमिनेशनपत्रको निर्णय नगर्दै तोकिएका मिति मितिसम्ममा नियम २९ ले
विरोध पत्र लाग्न सक्ने नहुनाले त्यस्तो विरोधपत्र पर्दा पर्दै विरोधपत्रको मान्यता नदी नोमिने-
शनपत्रलाई सदर गरी निर्वाचन भएबाट वास्तविक नतिजा फरक पर्न हुन आएको भए मात्र दफा
४७ को ग. दफा र नियम ९० को दफा बमोजिम परिणाम घोषणा भएका मितिले ९० दिनभित्र
तोकेका रुल नियमको रीत पुऱ्याई उजुर लाग्ने प्रष्ट हुन आउँछ उजुरवालाको उजुर उल्लेख गरिए
बमोजिम विपक्षको नाउँ उमेर समेत नामावलीमा प्रकाशित हुँदा र विपक्षको नोमिनेशनपत्र
पर्दा ऐन नियमको रीत पुऱ्याई विपक्षीको नोमिनेशनपत्र सदर गरी भ्रष्टाचार गैर कानूनी कामकाज
गरेकोबाट सो क्षेत्रको निर्वाचनको वास्तविक नतिजा फरक पर्न आयो भन्ने नभै निर्वाचनपछि
विपक्षी २५ वर्ष नपुगेको बुझिएकोले सर्टिफिकेटको नक्कल ल्याउँदा त्यसबाट ०१५ साल वैशाख
१ गते २५ वर्ष पुग्दै नपुगी रहेको त्यस्ता व्यक्ति उम्मेदवारमा खडा भएको देखिन आएकाले
निर्वाचनको वास्तविक नतिजा फरक पर्न आयो सो ३८ नं. क्षेत्रको निर्वाचन रद्द गरी पाऊँ भन्ने
सम्म मुख्य उजुर दाबी जिकीर भएबाट उक्त ऐन दफा ४७ को उपदफा ग. अन्तर्गतको भन्न ।

उपरोक्त उल्लेख गरिए बमोजिम नामावली प्रकाशित हुँदा उमेर पनि लेखिने २१ वर्ष
पुगेकाले मतदिन र२५ वर्ष उमेर पुगेकाले उम्मेदवारमा खडा हुन पाउने नियमहरूमा उल्लेख

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको र नामाबलीमा २५ वर्ष भन्दा घटी लेखिए पनि ०१५ साल वैशाख १ गतेसम्ममा २५ वर्ष पुग्न आउनेले उम्मेदवारमा खडा हुन पाउने नियममा व्यवस्था भएकोभै नामाबलीमा लेखिएकै उमेरको हिसाबबाट उम्मेदवारमा खडा हुन पाउने र छुट नाम दर्ता गराउन वा दर्ता भएको नाउँ वा कुनै व्यहोराबारे विरोध या दाबी गर्ने दिन ३० र थप हुने दिन १५ समेतको म्याद कायम भै रहेको नियम ८ मा र यो नियमाबलीमा तोकिएको तरिकाले पेश नभएको दाबी वा विरोधपत्र उपर कुनै कारवाई नहुने नियम ११मा कुनै दाबी वा विरोधपत्रमा नामाबली दोहऱ्याउने अफिसरले निर्णय गर्ने र निजको निर्णय अन्तिम हुने नियम १५ मा उल्लेख छ। जस्तै उम्मेदवारहरूको निर्वाचन चिन्ह उपर रिटर्निङ्ग अफिसरको निर्णय अन्तिम मानिने नियम ३२ मा उल्लेखित छ।

उक्त बमोजिम नामाबली प्रकाशित हुँदका म्यादभित्र ऐन नियम अनुसार दाबी वा विरोध भए परेको भए उपरोक्त बमोजिम नामाबली दोहऱ्याउने अफिसरबाटै अन्तिम निर्णय हुने वा रिटर्निङ्ग अफिसरले नै जाँच बुझ गर्ने कुरामा उल्लेखित बमोजिम नभै कानूनको तरिका छोडी म्याद नघाई आयोगमा उजुर परेको मात्र नभै।

नियम ९२ मा ऐनको दफा ३१ दफा ३२ र नियम १०१ मा लेखिएको रीत नपुऱ्याई निर्वाचन आयोगमा पेश गरेको उजुरीपत्र उपर कुनै कारवाई हुने छैन भन्ने उल्लेख भएको र ऐनको ३२ दफामा उजुरवालाले उजुरी पत्रमा कुनै निर्वाचन क्षेत्रबाट निर्वाचन भएको उम्मेदवार र भ्रष्टाचार अथवा अरू कुनै गैर कानूनी व्यवहारको आरोप लगाइएका उम्मेदवारलाई सो उजुरी पत्रमा विपक्षको रूपमा सामेल गर्नु पर्दछ भन्ने उल्लेख भएकोबाट उजुर परेको क्षेत्रमा निर्वाचन भएको उम्मेदवारलाई विपक्षको रूपमा उजुरवालाले सामेल गर्नु पर्ने सो बमोजिम सामेल नगरी सिरिफ गैर कानूनी तरिकाबाट उम्मेदवार हुने भन्ने श्री चन्देश्वरलाल दास भन्ने चन्द्रशेखर १ जनालाई मात्र विपक्षीको रूपमा खडा गरेकोबाट उक्त ऐन दफा ३२ र नियम ९२ ले समेतले यो उजुरी अवैध तरिकाको देखिन आयो।

त्यस्तो उपरोक्त दफा दफा बमोजिम २५ वर्ष नपुगेको उम्मेदवार खडा भयो भन्ने निर्वाचन घोषणा भएका मितिले नियम ९० उपदफा २ अन्तर्गत भनी ६० दिनभित्र गरेको उजुरी सोही नियम ९० को उपदफा १ अनुसार माथि उल्लेख गरिए बमोजिम रीत नपुगी म्याद नघाई परेको उजुरी हुँदा र परेको यो उजुर पनि माथि उल्लेख भए बमोजिम ऐन दफा ३२ ले विपक्षीका रूपमा सामेल गर्नु पर्ने व्यक्तिहरूलाई सामेल नगरी नराखी गरेको उजुर हुनाले समेत उपरोक्त बमोजिम उजुरवालाको यो उजुर बयान लेखाइको रूप र ऐन नियमबाटै सो अन्तर्गतको उजुर नहुँदा खारेज हुने देखिन आई विपक्षीका नाउँमा म्याद नपठाउन समेत आवश्यक नपरी निम्न लेखिए बमोजिम गर्ने गरी यो मुद्दा खारेज गरी दियौं।

९४६

१. उजुरवाला वादीले उजुरीपत्र पेश गर्नलाई ०१६।१।२१ मा हनुमाननगर मालमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरौट राखेको सक्कल रसिद उजुरीपत्र साथै पेश भैरहेको …

उपदफा बमोजिम जांच बुझ खर्च कटाई भराई दी रहन नपरेकाले उक्त नियम उपदफा २ बमोजिम उजुरवाला बादीले फिर्ता पाउने हुनाले यो फैसला उपर म्यादभित्र अपील परेन वा अपील परी फिर्ता पाउने सदर आएमा उक्त ने. रु. ५००। पांचसय कानूनको रीत पुऱ्याई फिर्ता दिन निर्वाचन आयोगलाई सूचना दिने ।

२. उजुरी मुद्दा खारेज भए उपर चित्त नबुझे निर्वाचन ऐन दफा ५० बमोजिम बाटाका म्याद बाहेक ७ दिनभित्र पूर्वाञ्चल उच्च अदालत हाल मुकाम विराटनगरमा अपील दिनुहोला भनी रूजु रहेका उजुरवाला बादीको वारेसशलाई सुनाई निस्सा मिसिल सामेल राख्ने ।

३. सरोकारवालाले नक्कल लिन आएमा कानून बमोजिमको दस्तूर ली दिने ।

४. यो फैसलाको प्रतिलिपिहरू ऐन दफा ५१ को उपदफा १ बमोजिम निर्वाचन आयोगमा र सप्तरी गोस्वाराका बडाहाकिमकहाँ समेत १।१ प्रति पठाई दिने ।

सदस्य सदस्य अध्यक्ष

सम्बत् २०१६ साल माघ १८ गते रोज २ शुभम्————————————

आज्ञाले,
श्यामकृष्ण भट्टराई
सचिव
निर्वाचन आयोग

८६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।